**मिति २०८०/१०/२९ गतेको गाउँ कार्यपालिकाको सातौं बैठकमा पेश भएका प्रस्तावहरु:**

| क्र.सं. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | निर्णयहरु कार्यान्वयन प्रगति समिक्षा गर्ने सम्बन्धमा । | यस गाउँ कार्यपालिका बैठकबाट यस अघि भएका निर्णयहरु कार्यान्वयनको प्रगति समिक्षा गर्ने । |
| २. | आवधिक योजना तर्जुमा निर्देशक समिति गठन सम्बन्धमा । | यस गाउँपालिकाको दोस्रो आवधिक योजना तर्जुमा निर्देशक समिति गठन गर्ने । |
| ३. | ठेक्काको म्याद थप सम्बन्धमा । | पगनाथ स्वास्थ्य चौकी भवन निर्माण कार्यको म्याद थप गर्ने । |

**मिति २०८०/१०/२९ गतेको गाउँ कार्यपालिकाको आठौं बैठकबाट भएका निर्णयहरु:**

१. अघिल्लो बैठकबाट भएका निर्णय कार्यान्वयनको समिक्षा गरियो । कार्यान्वयन हुन बाँकी रहेका निर्णयहरु प्रभावकारी रुपमा समयमा नै कार्यान्वयन गर्न/गराउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने ।

२. यस भगवतीमाई गाउँपालिकाको दोस्रो आवधिक योजना (२०८१/०८२ –२०८६/०८७) तर्जुमाको लागि देहाय बमोजिम निर्देशक समिति गठन गर्ने ।

**तपसिल:**

| क्र.सं. | नामथर | पद | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| १. | श्री गणेशबहादुर थापा | गाउँ कार्यपालिका अध्यक्ष | संयोजक | |
| २. | श्री मिनाकुमारी खड्का | गाउँ कार्यपालिका उपाध्यक्ष | उप संयोजक | |
| ३. | श्री विषयगत समिति | संयोजकहरु सबै | सदस्य | |
| ४. | श्री कार्यपालिका सदस्यहरु | सबै | सदस्य | |
| ५. | श्री विषयगत शाखा प्रमुख | सबै | सदस्य | |
| ६. | श्री | निजी क्षेत्र/संयोजकले तोके बमोजिम | सदस्य | |
| ७. | श्री | गैसस/ संयोजकले तोके बमोजिम | सदस्य | |
| ८. | श्री | स्थानीय विज्ञ/ संयोजकले तोके बमोजिम | सदस्य | |
| ९. | श्री प्रमुख प्रशासकीय अधिकृत | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव | |

३. यस कार्यालय र विलासपुर निर्माण सेवा दैलेख बीच मिति २०७८/०१/२० गते भएको ठेक्का सम्झौता बमोजिम भगवतीमाई गाउँपालिका अन्तर्गत **पगनाथ स्वास्थ्य चौकी भवन निर्माण आयोजना (ठे.नं. BRM/BCW/NCB/13/2077/078)** को निर्माण सम्पन्न अवधि २०७९/०३/२५ गते सम्म रहेकोमा सम्बन्धित निर्माण व्यवसायीले तोकिएको अवधिमा कार्य सम्पन्न गर्नको लागि आयोजनाको लागि श्रोत अभाव भई कार्यालबाट रकम भुक्तानी दिन नसकिने अवस्था रहेको हुँदा म्याद थपको लागि निर्माण व्यवसायीले मिति २०७९/१२/१६ गते निवेदन पेश गरेकोमा निर्माण व्यसायीको निवेदन बमोजिम गाउँ कार्यपालिकाको कार्यालयबाट प्राविधिक समूह खटाई जाँचबुझ गर्दा आयोजनाको कार्य संचालनमा रहेको र स्रोत अभाव रहेको हुँदा कार्य प्रगति आधारमा निर्माण व्यवसायीलाई रकम भुक्तानी गर्न कठिनाई भएको हुँदा म्याद थप गर्न उपर्युक्त रहेको भनि प्राविधिक प्रतिवेदन पेश भएको र भगवतीमाई गाउँपालिका सार्वजनिक खरिद नियमावली, २०७८ को नियम १३२ उपनियम (५) बमोजिमको प्राविधिक पुष्ट्याई अनुसार **पगनाथ स्वास्थ्य चौकी भवन निर्माण आयोजना (ठे.नं. BRM/BCW/NCB/13/2077/078)** को म्याद मिति २०८०/०३/२२ सम्म थप गर्ने ।